आज मिति २०७५/०५/०७ गते बिहान ९:०० बजे राक्सिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउकार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति**

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्दुङ्ग

सदस्य : श्री कान्छाराम रुम्बा (वडाध्यक्ष,वडा नं.१)

सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)

सदस्य : श्री बाबुलाल स्याङ्तान (वडाध्यक्ष,वडा नं.३)

सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)

सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)

सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)

सदस्य : श्री कुल वहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)

सदस्य : श्री रामकृष्ण प्रजा (वडाध्यक्ष,वडा नं.८)

सदस्य : श्री रामकुमार वाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)

सदस्य : श्री सन्त व.प्रजा

सदस्य : श्री सिमोन बि.क.

सदस्य : श्री मैना कुमारी गोले

सदस्य : श्रीगौरीमायां स्याङ्तान

सदस्य : श्री कर्ण कुमारी राउत

सदस्य : श्री सुकमायां बि.क. सुक

सदस्य सचिव : श्री शम्भु प्रसाद बर्तौला नि.प्र.प्र.अधिकृत

**माईन्युट सहयोगी :**

ले.पा. देवेन्द्र व.प्रधान

ले.पा. : सत्येन्द्र आचार्य

ना.सु. ; राम प्रसाद भट्टराई

CamScanner

**प्रस्तावहरु**

१. गत आ.व.२०७४/७५ मा संझौता भै सम्पन्न हुन बांकी योजना तथा कार्यक्रमहरु चालु आ.व.मा जिम्मेवारी सार्ने सम्बन्धमा ।
२. जिल्ला दररेट स्वीकृत सम्बन्धमा ।
३. करारको कर्मचारीको म्याद थप सम्बन्धमा ।
४. कर्मचारी भत्ता सम्बन्धमा ।
५. गरिबसंग बिशेश्वर कार्यक्रम अन्र्तगत कार्यरत सामाजिक परिचालकहरुको करार म्याद थप सम्बन्धमा ।
६. मौज्दात बांकी रकम सम्बन्धमा ।
७. एकिकृत सम्पत्ती कर मूल्यांकन सम्बन्धमा ।
८. बिधार्थी भर्ना बिशेष अभियान २०७५ दोश्रो चरणको कार्ययोजना कार्यान्वियनको लागि कार्यदल गठन गर्ने सम्बन्धमा ।
९. प्राविधिक कर्मचारी नियुक्ती सम्बन्धमा ।
१०. आ.ले.प.गराउने सम्बन्धमा ।
११. आर्थिक अधिकार र खाता संचालन सम्बन्धमा ।
१२. भाडा गाडीको म्याद थप सम्बन्धमा ।
१३. गत आ.व.२०७४/७५ को आय ब्यय खर्च सम्बन्धी अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.१ :** गत आ.व.२०७४/७५ मा स्वीकृत भै संझौता भएका तपसिलका योजना तथा कार्यक्रमहरु विविध कारण तोकिएको समय भित्र सम्पन्न हुन नसकेकोले उक्त योजना तथा कार्यक्रमहरु चालु आ.व.२०७५/७६ मा जिम्मेवारी सारी सो अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रमको नाम, ठेगाना | बिनियोजित रकम | भुक्तानी भएको रकम | भुक्तानी दिन बांकी रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | दुङ्गथली रिन्चराङ्ग धिराङ्ग गर्लिङ्ग सडक निर्माण योजना, राक्सिराङ्ग ७ | १५,००,००० | ८,५४,००० | ६,४६,००० | सडक |
| २ | नेवारपानी सानोभावर सुनौरा सौरा सडक मईनटार हुदैं गा.पा.जोड्ने सडक निर्माण, राक्सिराङ्ग १,२,३ | ५५,००,००० | ४८,०९,००० | ६,९१,००० | सडक |
| ३ | हात्तीधाप दामराङ्ग गर्लिङ्ग चरीमारा सडक निर्माण, राक्सिराङ्ग ७ | ३५,००,००० | २२,३२,००० | १२,६८,००० | सडक |
| ४ | कुईती कोखारी सडक मर्मत, राक्सिराङ्ग ९ | २,००,००० | १,१५,००० | ८५,००० | सडक मर्मत |
| ५ | गाउंपालिका शौचालय मर्मत, राक्सिराङ्ग ५ | ५,००,००० | ४,४८,००० | ५२,००० | अन्य योजना |
| ६ | वडा कार्यालय भवन निर्माण योजना, राक्सिराङ्ग २ | १६,००,००० | १३,७८,००० | २,२२,००० | अन्य योजना |
| ७ | वडा कार्यालय भवन निर्माण योजना, राक्सिराङ्ग ५ | १५,००,००० | ९,८८,००० | ५,१२,००० | अन्य योजना |
| ८ | वडा कार्यालय भवन निर्माण योजना, राक्सिराङ्ग ८ | १५,००,००० | ९,९३,००० | ५,०७,००० | अन्य योजना |
| ९ | ५ वर्षे गुरुयोजना र भिलेज प्रोफाईल तयारी गर्ने कार्य, राक्सिराङ्ग | ६,९८,३४० | २,०९,००० | ४,९८,३४० | भिलेज प्रोफाईल तयारी शिर्षक |
| १० | राक्सिराङ्ग गाउंपालिकाको वित्तचित्र निर्माण | २,६४,४२० | ८७,००० | १,७७,४२० | सूचना परामर्श |
| ११ | चैनपुर लिफ्ट सिंचाई योजना, राक्सिराङ्ग ५ | १,००,००० | ० | १,५०,००० | केन्द्रिय खानेपानी |
| १२ | शंकरखोला पहिलो लघु जलविधुत योजना, राक्सिराङ्ग ७ | १५,००,००० | ७,०७,००० | ७,९३,००० | बिधुत |
| १३ | कोलगैरी विधुत बिस्तार योजना, राक्सिराङ्ग १ | ४,००,००० | ३,७८,००० | २२,००० | बिधुत |

| सि.नं. | योजना तथा कार्यक्रमको नाम, ठेगाना | बिनियोजित रकम | भुक्तानी भएको रकम | भुक्तानी दिन बांकी रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १४ | बालविकास केन्द्र मर्मत, राक्सिराङ्ग ३ | १,००,००० | ० | १,००,००० | शिक्षा |
| १५ | गोदावरी महिला कृषि सहकारी भवन निर्माण, राक्सिराङ्ग ३ | १३,००,००० | ६,६५,००० | ६,३५,००० | महिला लक्षित कार्यक्रम |
| १६ | महिला संजाल भवन निर्माण योजना, राक्सिराङ्ग ८ | ६,००,००० | २,५७,००० | ३,४३,००० | महिला लक्षित कार्यक्रम |
| १७ | आरन सुधार कार्यक्रम, राक्सिराङ्ग ४,५,७ | २,३०,००० | ० | २,३०,००० | दलित लक्षित कार्यक्रम |
| १८ | तथ्याङ्क संकलन गर्ने कार्य, राक्सिराङ्ग | १,२०,००० | ० | १,२०,००० | दलित लक्षित कार्यक्रम |
| १९ | सिलाई कटाई तालिम संचालन,राक्सिराङ्ग | ४,९६,५०० | ४,१०,००० | ८६,५०० | गरिबी निवारण कार्यक्रम |
| २० | जुनियर प्लम्बर, वेल्डिङ्ग तालिम संचालन, राक्सिराङ्ग | ४,९६,५०० | ४,१०,००० | ८६,५०० | गरिबी निवारण कार्यक्रम |
| २१ | खोर व्यवस्थापन तथा निर्माण योजना, राक्सिराङ्ग ७ | ५०,००० | ४०,००० | १०,००० | आदिवासी जनजाती लक्षित कार्यक्रम |
| २२ | गोठेरी जागृती मण्डली भवन निर्माण योजना, राक्सिराङ्ग ३ | ५,००,००० | ३,८७,००० | १,१३,००० | पर्यटन सस्कृति |
| २३ | नरहरी मन्दिर निर्माण योजना, राक्सिराङ्ग ९ | ३,५०,००० | ३,००,००० | ५०,००० | पर्यटन सस्कृति |
| २४ | एकल महिला सहकारी गठन तथा प्रवर्द्धन र आय आर्जन कार्यक्रम | ५,००,००० | ० | ५,००,००० | महिला लक्षित |
| २५ | लोथर देखि पाङ्गथली हूदैं शिलाधूनी जोड्ने मोटर बाटो निर्माण, राक्सिराङ्ग ६ (ईन्धन बापत) | ५,००,००० | ० | ५,००,००० | सडक |
| २६ | सौर्य सिंचाई योजना,रा.९ खैराङ्ग | ८,००,००० | ० | ८,००,००० | केन्द्रिय सिंचाई |
| | ❖ कृषि विकास शाखा तर्फ | | | | |
| १ | कृषक अवलोकन भ्रमण | २,५०,००० | ० | २,५०,००० | कृषि विकास कार्यक्रम |
| | ❖ पशु विकास शाखा तर्फ | | | | |
| १ | कृषक अवलोकन भ्रमण | २,००,००० | ० | २,००,००० | पशु विकास कार्यक्रम |
| | ❖ स्वास्थ्य शाखा तर्फ | | | | |
| १ | महामारी नियन्त्रणपूर्व तयारीको लागि खरिद गरिएको औषधी | १,२०,००० | ० | १,२०,००० | स्वास्थ्य कार्यक्रम |
| | जम्मा रु. | | | ९७,६७,७६० | |

**निर्णय नं.२ :**जिल्ला दररेट निर्धारण समिति, मकवानपुरबाट चालु आ.व.२०७५/७६ मा स्वीकृत भए बमोजिमको दररेट यस राक्सिराङ्ग गाउंपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने र स्थानीय स्तरमा उपलब्ध हुने निर्माण सामग्रीहरुको दररेट निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

**क.जनरल निर्माण सामग्री तर्फ : २.५ कि.मी.सम्म दुरीको लागि कायम**

| सि.नं. | सामग्रीको बिवरण | जिल्ला दररेट | हाल कायम गर्ने |
|---|---|---|---|
| ४ | पखालेको बालुवा | १४२०/ | १०००/ |
| ५ | ग्रेभल, रिभरवेड मेटेरियल | १०५०/ | ६००/ |
| ८ (१) | खानीको ढुंगा | १२६५/ | ८००/ |
| ८ (२) | खोलाको गोलो ढुंगा | १०००/ | ६००/ |

**ख. निर्माण सामग्री तर्फ :**

| सि.नं. | सामग्रीको बिवरण | जिल्ला दररेट | हाल कायम गर्ने |
|---|---|---|---|
| ३५(क) | अग्राखको काठ स्थानीय | ४०००/ | १५००/ |

| | | | |
|---|---|---|---|
| ३५(ख) | अग्राख बाहेक काठ स्थानीय | १२००/ | ६००/ |
| ३५(ग) | सफ्ट उड काठ (फर्माको लागि) | ९४०/ | ५००/ |
| ३५(घ) | सिसौ काठ | २०००/ | १०००/ |

**ग. यान्त्रिक उपकरणहरुको दररेट (जिल्ला दररेट अनुसार हुने गरी कार्यान्वयन गर्ने)**

| सि.नं. | यान्त्रिक उपकरणको बिवरण | दररेट (ईन्धन र कर बाहेक) | प्रयोग हुने ईन्धन (प्रति घण्टा) |
|---|---|---|---|
| १ | एक्साभेटर १ -११० HP | १२००/ | १२ लि. देखि १५ लि. |
| २ | एक्साभेटर १११-१५० HP | १८००/ | २० लि. देखि २२ लि. |
| ३ | एक्साभेटर र ब्रेकर १५० HP | २१००/ | २० लि. देखि २५ लि. |
| ४ | डोजर १८१-२३० HP | ३०००/ | २५ लि. |

**निर्णय नं.३ :**यस राक्सिराङ्ग गाउंपालिकामा गत आ.व.मा करारमा कार्यरत कर्मचारीहरुले हालसम्म सन्तोषजनक रुपमा निरन्तर सेवा गर्दै आएकोले निजहरुको करार अवधि आगामी पौष मसान्तसम्मका लागि थप गर्ने तथा नयां करार सेवामा कूनै कर्मचारी राख्नका निमित्त यस गाउंपालिकामा गठित कर्मचारी व्यवस्थापन समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** यस राक्सिराङ्ग गाउंपालिकाबाट स्थानीय स्तरमा आफ्ना नागरिकहरुलाई प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो र सहज ढंगबाट उपलब्ध गराउन तथा गाउंपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको स्थलगत रुपमा अनुगमन एवं निरिक्षण गर्न र कार्यालयको कामको सिलसिलामा जिल्ला स्थित सदरमुकाममा गई रहनु पर्ने भएकोले उक्त कार्यहरुमा खटिने कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराउदां चालु खर्चमा बढोत्तरी हुने भै सो खर्च मितब्ययीता अपनाउनको लागि उक्त दैनिक भ्रमण भत्ताको सट्टा तपसिलका शाखामा कार्यरत कर्मचारीहरुलाई तपसिल बमोजिमको स्थानीय मासिक भत्ता उपलब्ध गराउने र जिल्ला भित्रको दैनिक भ्रमण भत्ता नदिने निर्णय गरियो ।

तपसिल

- प्रमूख प्रशासकिय अधिकृत : रु. १२,०००/
- अधिकृत स्तरका कर्मचारीहरु : रु.१०,०००/
- सहायक स्तरका कर्मचारीहरु : रु.८०००/

**निर्णय नं.५ :** कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरवारको च.नं. ०३ मिति २०७५/०४/०३ को पत्रानुसार गरिबसंग विशेश्वर कार्यक्रम अर्न्तगत यस गाउंपालिकामा कार्यरत सामाजिक परिचालकहरु धनमायां थिङ्ग र रश्मी तामाङ्गको करारको म्याद २०७५ श्रावण देखि २०७५ पौष मसान्त सम्म ६ महिना थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** गत आ.व.२०७४/७५ मा बिविध कारणले खर्च नभई बांकी रहन गएको रकमलाई चालु आ.व.२०७५/७६ को बजेट अनुमान गर्दा रु.२,२२,००,०००/ मात्र खर्च नभई बांकी रहने अनुमान गरिएकोमा आर्थिक बर्षको समाप्तीमा यथार्थ रु.४,४५,००,०००/ बांकी रहन गएको र भुक्तानी हुन बांकी योजनाहरुको कुल रकम रु.१,०६,५४,८४०/ देखिन आएकोले बजेट बिनियोजन हुन बांकी रकम रु.१,२५,४५,१६०/ को नयां योजना तथा कार्यक्रम बनाई गाउं कार्यपालिकाबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** यस गाउंपालिकाले चालु आ.व.२०७५/७६ देखि एकिकृत सम्पत्ती कर लागु गर्ने गाउंसभाबाट पारित भएकोमा सवै वडाबाट यही मिति २०७५/०५/२५ गते सम्म वडा भेला गरी वडा भित्रका जग्गा तथा संरचनाहरुको मूल्यांकन तोकी गाउंपालिकामा पठाई दिन वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार काठमाण्डौको च.नं.२१७ मिति २०७५/०३/११ को पत्रानुसार बिधार्थी भर्ना बिशेष अभियान २०७५ दोश्रो चरणको कार्ययोजना कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमको कार्यदल गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।

CamScanner

तपसिल

**गाउंपालिका स्तरिय कार्यदल**

संयोजक : श्री निर्मला हिम्डुङ्ग, उपाध्यक्ष
सदस्य : श्री कान्छाराम रुम्बा (वडाध्यक्ष,वडा नं.१)
सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)
सदस्य : श्री बाबुलाल स्याङ्गतान (वडाध्यक्ष,वडा नं.३)
सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)
सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)
सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)
सदस्य : श्री कुल बहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)
सदस्य : श्री रामकृष्ण प्रजा (वडाध्यक्ष,वडा नं.८)
सदस्य : श्री रामकुमार वाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)
सदस्य : श्री काजीराम मुक्तान (प्र.अ.हरु मध्ये)
सदस्य : श्री जयकान्त प्रजा (बि.व्य.अध्यक्ष)
सदस्य : श्री मानसिं घलान (संघ सस्था प्रतिनिधि)
सदस्य : श्री शान्तीमायां प्रजा (स्वास्थ्य स्वंयम सेबिका मध्येबाट)
सदस्य : श्री शिवकुमार मल्ल (वन समिति मध्येबाट)
सदस्य : श्री आशमान थिङ्ग (टोल विकास सस्था मध्ये)
सदस्य : श्री राजेन्द्र भट्टराई (गाउं कार्यपालिकाबाट)
सदस्य : श्री सनिचरा प्रजा (शिक्षक अभिभावक संघको तर्फबाट)
सदस्य सचिव : श्री राजेश प्रसाद घिमीरे (श्रोत व्यक्ति)

**वडास्तरिय कार्यदल**

संयोजक : सम्बन्धित वडाध्यक्ष
सदस्य : प्र.अ.हरुबाट
सदस्य : वि.व्य.अध्यक्षहरुबाट
सदस्य : स्वास्थ्य स्वयम सेविका
सदस्य : टोल विकास सस्था मध्येबाट
सदस्य : संघ सस्थाहरुबाट
सदस्य : वन समितिवाट
सदस्य सचिव : सम्वन्धित वडा सचिव

उक्त गठन भएको वडा स्तरिय कार्यदलको लागि कार्यक्रम संचालन गर्न चालु आ.व.२०७५/७६ को शिक्षा सम्बन्धी कार्यक्रमबाट प्रति वडाको लागि रु.५०००/ उपलब्ध गराउने ।

**निर्णय नं.९ :**यस राक्सिराङ्ग गाउंपालिकाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि हाल कार्यालयमा रहेका प्राविधिक कर्मचारीहरु नपुग भै प्राविधिक कर्मचारी आवश्यक भएको हुदां यस कार्यालयको स्वीकृत दरवन्दी भित्र रही १ जना सव ईन्जिनियर र ४ जना असिस्टेन्ट सव ईन्जिनियर नियमानुसार प्रकृया अपनाई करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.१० :**यस राक्सिराङ्ग गाउंपालिकाको गत आ.व.२०७४/७५ मा भएको आर्थिक कारोवारको आन्तरिक लेखापरिक्षण गर्नु पर्ने भएकोले सो कार्यको लागि कोष तथा लेखानियन्त्रक कार्यालय, मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ :** यस राक्सिराङ्ग गाउंपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुकदेव लम्साल मिति २०७५/०४/२८ वाट बन्दीपुर गाउंपालिका,तनहुमा सरुवा भई जानु भएको हुदां हाल कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत कोही नभई कार्यालयको दैनिक प्रशासनिक कामकाज तथा कार्यालयको कर्मचारीहरुको तलब भत्ता र विषयगत कार्यालयहरुको कार्यक्रम संचालन गर्न बाधा परेकोले प्रमुख प्रशासकीय अधिकृत हाजिर नभए

CamScanner

सम्मका लागि आर्थिक कारोवार सहितको अन्य प्रशासनिक कामकाज गर्ने गरी यस कार्यालयका लेखा अधिकृत श्री शम्भु प्रसाद बर्तौलालाई कामकाज गर्न निमित्त तोकिएको सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृत हाजिर नभए सम्मका लागि यस गाउंपालिकाको आर्थिक कारोवार सहितको सम्पुर्ण जिम्मेवारी वहन गरी कार्यालय प्रमुखको कार्य सम्पादन श्री शम्भु प्रसाद बर्तौला र आर्थिक प्रशासनको हैसियतले लेखापाल श्री सत्येन्द्र आचार्यबाट खाता संचालन गर्ने गरी कार्यालयको कामकाज गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.१२ : यस राक्सिराङ्ग गाउंपालिकाले गत आ.व.२०७४/७५ मा कार्यालय प्रयोजनको लागि लिईएको भाडाको गाडीको करार म्याद २०७५ आषाढ मसान्त सम्म भएकोमा उक्त पुरानो संझौतालाई निरन्तरता दिई सवारी धनीको मांग बमोजिम सार्वजनिक खरिद ऐन, २०६४ मा व्यवस्था भए अनुसार बढीमा १० प्रतिशत सम्म भाडा वृद्धि गरी आ.व.२०७५/७६ को श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्मको लागि म्याद गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ : यस राक्सिराङ्ग गाउंपालिकाको गत आ.व.२०७४/७५ को खर्च आय व्यय बिवरण अनुमोदन गर्ने निर्णय गरियो ।

आजको वैठक विहान ९:०० बजेबाट शुरु भै दिनको १:०० बजे समापन गरियो ।



CS CamScanner